परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ४५ २०८१ आषाढ १६ आइतवार Sunday 30, JUN 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गरार्य दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## असार पन्ध्रको अवसरमा दिवा भोजन



विराटनगर । प्रगति विनायक जेष्ठ नागरिक सेवा समाज, प्रगति विनायक टोल विराटनगर-८ ले जेष्ठ नागरिक दिवा भोजन कार्यक्रम सम्पन्न गरेका छन् ।

नागरिक दिवा भोजन कार्यक्रमका प्रमुख अतिथि विराटनगर महानगरपालिका वडा नं. ८ का वडाअध्यक्ष राम पोखरेलले भने नेपाली यूवाहरू विदेशिएका कारण घरमा रहेका वृद्धवृद्धाहरू एकहरो भएको अवस्था छ । त्यस्ता जेष्ठ नागरिकहरूको संरक्षण राज्य र समाजले गर्नुपर्ने वताउँदै समाजमा बढ्दै गरेको वृद्ध आश्रम हरूलाई कम गर्दै लानुपर्ने वताए ।

अषाढ १५ गते दही च्यूरा खाने दिनको अवसर पारेर जेष्ठ नागरिकहरूलाई दही, च्युरा, केरा, आँप, चीनी लगायतका भोजन गराएका छन् ।

वडा नं. ८ को आर्थिक सहयोगमा बर्षभरी नै विशेष पर्व

वांकी अन्तिम पेजमा...

## अजोड विरूद्ध उच्च अदालतमा अवहेलना मुद्दा

विराटनगर । कोरोना बीमा वापतको रकम भुक्तानी दिन गरेको फैसला र पत्रचार कार्यान्वयन गर्न आलटाल गर्ने यूनाईटेड अजोड इन्सोरेन्स कम्पनी लिमिडेड विरुद्ध नेपाल पत्रकार महासंघका सचिव नेत्र प्रसाद अधिकारी सहितको टोलीले आज उच्च अदालत विराटनगरमा अदालतको अवहेलनामा सजाय गरी पाउँ भनी निवेदन दर्ता गराएका छन् ।

निवेदन दर्ता भएसँगै असार १२ गतेको लागि पेशी तारेख तोकिएको छ । अदालतको अवहेलनामा न्याय प्रशासन ऐन २०७३ को दफा १७ (४) बमोजिम कम्पनीलाइ १ वर्ष कैद १० हजार जरिवाना वा दुवै हुने उच्च अदालत विराटनगरका उप रजिष्टार टिकेन्द्र जङ्गवीर रानाले वताए ।

उच्च अदालत विराटनगरबाट २०७९ जेठ १६ गते कोरोना विमा वापतको रकम भुक्तानी नगर्ने बीमा कम्पनी अजोड इन्स्योरेन्स विरुद्ध परमादेशको आदेश जारी हुने ठहर सहित फैसला भएको थियो । उक्त आदेश कार्यान्वयन नभएपछि महासंघका सचिव अधिकारीले यूनाईटेड इन्स्योरेन्स लिमिटेड विराटनगर शाखा समेतलाई आदेश कार्यान्वयनको माग गर्दै २०८१ बैशाख २५ गते निवेदन दर्ता गराएका थिए । निवेदनका आधारमा २०७९ जेठ १६ को परमादेशका आदेश बमोजिमको कार्य अवलम्ब गर्नु गराउनु भनी उच्च अदालतले पत्रचार गरेका थिए ।

वांकी अन्तिम पेजमा...

## नवजात शिशुको हत्यामा संलग्न आमा पक्राउ

विराटनगर । सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका-७ की २६ बर्षीया रत्नमाया भुजेललाई नवजात शिशुको हत्या आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

असार ७ गते शुक्रबार आफ्नै घर छेउमा रहेको सल्लाघारी जंगलमा ७ महिनाको नवजात शिशुलाई जन्माई सालनाल सहित खाल्डोमा पुरेको भन्ने खबर प्राप्त भए सगैं जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुबाट खटिएको प्रहरी टोलीले उक्त स्थानबाट शिशुको शव निकाली पोष्टमोर्टमको लागि जिल्ला अस्पताल फाप्लुमा पठाएको थियो ।

हत्यामा संलग्न आमा रत्नमाया भुजेललाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

## महानगरको बजेट ३ अर्ब

विराटनगर । विराटनगर महानगरपालिका आगामी आर्थिक बर्षको लागि ३ अर्ब ४९ करोड ९८ लाख ८६ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ । सोमबार उपमेयर शिल्पा निराला कार्कीले नगर सभामा उक्त बजेट पेस गरेकी हुन् ।

यो बजेट चालु आर्थिक बर्षको तुलनामा ६.५३ प्रतिशत अर्थात २१ कारेड ४८ लाख ६ हजार रुपैयाँले बढी हो । चालु आर्थिक बर्षको लागि यस महानगरले ३ अर्ब २८ करोड ५० लाख ८० हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको थियो ।

सामाजिक सुरक्षा र विकासलाई विशेष प्राथमिकता दिएर बजेट ल्याएको महानगरले कृषि, पर्यटनसँगै महानगरको शैक्षिक कार्यक्रमलाई महत्व दिएको छ भने बस्ती विकास र तराई मधेस समृद्धि कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको छ । यस्तै पर्यटन, कृषि, भौतिक पूर्वाधार र डिजिटल मैत्री सेवामा जोड दिएको छ ।

यस्तै, बजेटको स्रोत व्यवस्थामा सङ्घीय समानीकरण अनुदान ३२ करोड ६६ लाख र प्रदेश सरकारबाट २ करोड ४९ लाख २९ हजार, राजस्व बाँडफाँटमध्ये मूल्य अभिवृद्धि

वांकी अन्तिम पेजमा...




ऐभरेष्ट कलेज
शैक्षिक वर्ष २०८१ को लागि भर्ना खुल्यो
कक्षा ११ (विज्ञान र व्यवस्थापन)
प्रवेश परिक्षा : २०८१ असार १८ गते । बिहान ११ : ०० बजे । फाराम वितरण भइरहेको छ ।



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## असार...

समारोहका अवसरहरूमा जेष्ठ नागरिकहरूलाई भेला गराइ भोजन गराउने लक्ष्य लिएको सचिव राजेन्द्र कुमार थापाले वताए ।

सोही अवसरमा विराटनगर महानगरपालिका-८ प्रगति विनायक टोलमा रहेको गणेश मन्दिरका प्रागणमा जेष्ठ नागरिक पार्क निर्माण कार्य भईरहेका छ त्यसलाई जेष्ठ मैत्रीपुर्ण वनाउन प्रदेश सरकार र वडालाई सहयोग गर्न आग्रह सचिव थापाले गरेका छन ।

प्रगति विनायक जेष्ठ नागरिक सेवा समाजका अध्यक्ष माधव ढुंगेलको अध्यक्षतामा दिवा भोजन कार्यक्रम सम्पन्न भएको थियो ।

## अजोड...

फैसला कार्यान्वयनको लागि उच्च अदालत विराटनगरले च. नं. ५६८५ मिति २०८१ वैशाख २५ गते पत्रचार गरेको थियो । सो पत्रको समेत वेवास्ता गरेकोले युनाईटेड अजोड कम्पनी लिमिटेड विरुद्ध अदालतको अवहेलनमा मुद्दा दर्ता गराएको अधिकारीले वताए ।

कोभिड १९ को संक्रमण सरु भएपछि बीमा कम्पनीहरुले कोरोना बीमाका कार्यक्रम ल्याएका थिए । नेपाल पत्रकार महासंघ मोरंग शाखाले पनि सदस्यहरुको बीमा अजोड यन्स्योरेन्स मार्फत गराएको थियो । केही सदस्यले कोरोना लागेपछि बीमा दावी भुक्तानी गरेपनि बीमा कम्पनीले ३३ जना पत्रकारहरुको दावी भुक्तानी नगरी आलटाल गरेको थियो । महासंघका सचिव अधिकारीले बीमा दावी भुक्तनी नगरेको भन्दै कम्पनी विरुद्ध २०७८ श्रावण ३२ गते उच्च अदालत विराटनगरमा रिट निवेदन दर्ता गराएका थिए ।

तत्कालीन उच्च अदालतका न्यायधिश द्धय सत्यमोहन जोशी थारु र जगतनारायण प्रधानको इजलाशले दावी भुक्तानी दिन बीमा कम्पनीका नाममा परमादेश जारी गरेका थिए । अजोड इन्स्योरेन्स कम्पनी लिमिटेड एकिकरण भई हाल युनाईटेड अजोड इन्स्योरेन्स कम्पनी लिमिडेड भएको छ ।

## महानगरको...

करबाट १६ करोड ११ लाख ७६ हजार १ सय २६ रुपैयाँ, अन्तःशुल्कबाट ५ करोड ८५ लाख ४१ हजार २ सय ७९ रुपैयाँ, वन रोयल्टीबाट ५ लाख ८२ हजार ५ सय ९५ रुपैयाँ, घरजग्गा रजिस्ट्रेसन दस्तुरबाट ५६ करोड ७९ लाख २८ हजार, सवारीसाधन करबाट ३ करोड ८७ लाख १ हजार र मनोरञ्जन तथा विज्ञापन करबाट १ करोड, आन्तरिक आय १ अर्ब १० करोड ८६ लाख ८५ हजार तथा नगद मौज्दात २५ करोडको अनुमान गरिएको छ ।

# अपराध न्यूनिकरण सम्बन्धी सचेतना



विराटनगर । जिल्ला प्रहरी कार्यालय इलामको सहकार्य तथा जिल्ला प्रशासन कार्यालय इलामको आयोजनामा असार १३ गते विहीवार संन्दकपुर गाउँपालिकाको सभा हल र देउमाई नगरपालिका ४ स्थित मंगलबारे बहुमुखी क्याम्पस इलामको सभा हलमा १ दिने अपराध न्युनिकरण तथा सामाजिक अपराध सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ ।

इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठको अध्यक्षतामा नगर पालिकाका उप-प्रमुख तथा गाउँपालिकाका अध्यक्षको प्रमुख आतिथ्यता मा सम्पन्न भएको कार्यक्रममा बिभिन्न राजनैतिक दलका प्रतिनिधीहरु, सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुख, वडा अध्यक्ष तथा वडा प्रतिनिधीहरु, उद्योग वाणीज्य संघका अध्यक्ष एंव यातायात व्यावसायीहरु, आमा समुह एंव बिभिन्न क्लबका पदाधिकारीहरु, संचार कर्मी एंव बिद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारीले सहभागीबाट आएका जिज्ञासाहरु सम्बोधन गर्नु गर्दै जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक प्रभु प्रसाद ढकालले सहभागीहरुलाई लागु औषध, साईवर अपराध, घरेलु हिंसा जस्ता बिषय बस्तुमा जानकारी गराएका थिए ।

प्रमुख जिल्ला अधिकारीले इलाका प्रहरी कार्यालय मंगलबारे इलामको निरीक्षण गर्नु भई प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिनु भएको छ ।

- मानो रोपौं, मुरी फलाऔं,
- खेती योग्य जमिन बाँझे नछोडौ,
- पसिना बगाऔं, समुन्नत बनौं,
- आफू र देशलाई परनिर्भरताबाट बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड







परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# एसईई नतिजा र पुन: परिक्षा

यस पालिको माध्यमिक शिक्षा परीषा (एसईई) परिक्षाको परिक्षाफल प्रकाशित भएको छ। परीक्षाफलले पास हुने भन्दा असफल हुनेको संख्या वृद्धि भएपछि शिक्षा क्षेत्रमा विभिन्न टिका टिप्पनीहरु भई रहेको छ। कसैले विद्यार्थी असफल नभई शिक्षक असफल भएको कतिपयले शिक्षा प्रणली नै नराम्रो भएको प्रतिकृक्रिया दिएको छ। त्यस गरी सरकारले धेरै विद्यार्थी असलफ भएकाले मन्त्रीपरिषदको निर्णयले फेरी परीषा लिएर असफललाई सफल वनाउने खेलमा लागेका छन्। यस्तो प्रवृतीले समाजमा कस्तो प्रभाव पर्दछ। त्यस तर्फ कुनै विचार नै नगरी पुनः परिक्षा लिने भएका छ।

एसईई परिक्षामा सामेल भएका मध्ये २ लाख २२ हजार ४ सय ७२ विद्यार्थी कक्षा ११ मा भर्नाका लागि योग्य हुने भएको छ रु। तर, त्योभन्दा बढी संख्या अर्थात् ५२ प्रतिशत विद्यार्थी भने कक्षा ११ मा भर्ना हुन अयोग्य भएका छन। ननग्रेडिङ (एनजी) मा २ लाख ४२ हजार २ सय ९८ विद्यार्थी परेका छन् रु। यो कक्षा ११ का लागि योग्य भएका भन्दा धेरै संख्या भएको छ। स्तरीकृत अंक (जीपीए)को आधारमा एसईई नतिजा विगतभन्दा खस्किएको छरु।

शिक्षामा लगानी पनि त सरकारले बढाएनरु। जब कि शिक्षामा बजेटको २० प्रतिशत विनियोजन गर्ने अन्तर्राष्ट्रिय अभ्यासविपरीत हाम्रोमा चाहिँ त्यसको आधाजसोमात्रै छुट्याइन्छरु। खासगरी गणित, विज्ञान र अंग्रेजी जस्ता विषयमा दक्ष जनशक्ति अर्थात पढाने शिषक नभएककै कारण फेल भएको अनुमान गर्न सकिन्छ। त्यसैले शिक्षामा लगानी बढाएर दक्ष जनशक्तिवाट अध्ययन अध्यापन गराई र शिक्षा प्रणालीमा समेत सुधार गर्न आवश्यक छ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोर ञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# आर्थिक वर्ष २०८१-०८२ को लागि कोशी प्रदेश सरकारले प्रस्तुत गरेको बजेट, पूर्णपाठ

**गत अंकको बाँकी अंश**

१७३. प्रदेश सरकारलाई प्राप्त हुने वैदेशिक सहायतालाई प्रदेशको प्राथमिकताको क्षेत्रमा परिचालन गरिनेछ। वैदेशिक सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रम र प्रगति विवरण प्रविष्ट गर्न विकास साझेदार (डि.पी.) पोर्टल सञ्चालनका लागि समन्वय गर्न आवश्यक व्यवस्था मिलाएकोछु।

१७४. कोशी प्रदेशमा लगानी मैत्री वातावरण निर्माण गरी पर्यटन, जलश्रोत, उद्योग लगायतका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्न लगानी सम्मेलनका लागि रु.३ करोड ३३ लाख विनियोजन गरेकोछु।

१७५. आर्थिक वर्ष २०८१/०८२ देखि साना तथा मझौला उद्यमको विकास र प्रवर्द्धनका लागि स्वीस सरकारको सहयोगमा आर्थिक विकासका लागि लगानी र नवप्रवर्तन (उदय परियोजना) कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएकोछु।

१७६. सार्वजनिक वित्त व्यवस्थापन, योजना, तथ्याङ्क व्यवस्थापन र गरीवी निवारणका निम्ति रु.६० करोड ६२ लाख बजेट विनियोजन गरेकोछु।

माननीय सभामुख महोदय,

१७७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१७८.आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ३५ अर्ब २७ करोड ९३ लाख विनियोजन गरेकोछु। कुल विनियोजन मध्ये चालु खर्च रु. १४ अर्ब ४७ करोड २३ लाख, पुँजीगततर्फ रु.१६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्था रु.२ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरण तर्फ रू.४ अर्ब ५८ करोड ५० लाख विनियोजन गरेकोछु। चालु खर्च मध्ये संघीय अनुदान फिर्ता तर्फ रु.३ अर्ब रहेको छ।

१७९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट रू.४ अर्ब ९८ करोड, राजस्व बाँडफाँडबाट रू.१२ अर्ब ४० करोड ८ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू.८ अर्ब ९४ करोड ३२ लाख, सशर्त अनुदानबाट रू.४ अर्ब १६ करोड ४३ लाख, समपुरक अनुदानबाट रू.६५ करोड ५० लाख र विशेष अनुदानबाट रू.७८ करोड १ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रू.३१ अर्ब ९२ करोड ३४ लाख खर्च व्यहोरिनेछ। बाँकी नगद मौज्दातबाट रू.३ अर्ब २५ करोड तथा वैदेशिक अनुदानबाट रू.१० करोड ५९ लाख व्यहोरिनेछ।

माननीय सभामुख महोदय,

१८०. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८१. आगामी आर्थिक वर्षको लक्ष्य अनुसारको राजस्व संकलन गर्न देहायका राजस्वका नीति र करका दरहरू निर्धारण गरी निम्नानुसारको राजस्व परिचालन नीति अंगीकार गरेकोछु :

(क) आर्थिक क्रियाकलाप मैत्री कर प्रणालीको माध्यमबाट प्रदेशको आर्थिक वृद्धिमा योगदान पुर्‍याउने गरी राजस्व प्रणालीमा सुधार गरिनेछ।

(ख) करको दायरा विस्तार गर्न राजस्व व्यवस्थापनको लागि संरचनागत सुधार गरिनेछ।

(ग) राजस्व प्रणालीलाई प्रविधिमैत्री र स्वचालित बनाई करदाताहरुको सहभागिता र कर परिपालनामा अभिवृद्धि गरिनेछ।

(घ) राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

(ङ)सरोकारवाला निकाय बीचको समन्वयलाई सुदृढ बनाई राजस्व चुहावटलाई नियन्त्रण गरिनेछ।

(च) गैरकरको दरमा समय सापेक्ष परिमार्जन गरी गैरकर राजस्वलाई लागत प्रभावी बनाइनेछ।

अब म आगामी आर्थिक वर्षको लागि राजस्वसँग सम्बन्धित कार्यक्रम प्रस्तुत गर्दछु।

१८२. प्रदेशको राजस्व व्यवस्थापनलाई थप प्रभावकारी बनाई आन्तरिक आय अभिवृद्धि गर्नका लागि आगामी आर्थिक वर्षमा कोशी प्रदेश कर तथा गैरकर ऐन, २०७५ लाई प्रतिस्थापन गर्न नयाँ ऐन तर्जुमा गरिनेछ।

१८३. आन्तरिक राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयनको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी नीतिहरुको कार्यान्वयन गरिनेछ।

१८४. निजी सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर ५ वर्ष सम्मका लागि एकमुष्ठ रुपमा बुझाई नवीकरण गर्न सक्ने व्यवस्थालाई निरन्तरता दिएको छु।

१८५. अन्य प्रदेशको सरुवा सहमतिबाट यस प्रदेशमा दर्ता भएका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

१८६. प्रदेशभित्रका सिमेन्ट तथा ईटा उद्योगहरुलाई लगाएको बातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुरलाई निरन्तरता दिनुका साथै कङ्क्रिट ब्लक उद्योग, नदीजन्य पदार्थ प्रशोधन उद्योगमा समेत वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर लगाउने व्यवस्था मिलाएको छु।

१८७. विगत आर्थिक वर्षहरुको सङ्कलित मनोरञ्जन कर एकमुष्ठ रुपमा बुझाउँदा सो मा लाग्ने ब्याज छुटको व्यवस्थालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।

१८८. नेपाल सरकारबाट हस्तान्तरण भएका वा प्रदेश सरकार र स्थानीय तहबाट पर्यटकीय पूर्वाधार विकासमा निर्माण भई समिति वा अन्य संगठित संस्थाबाट सञ्चालनमा रहेका पर्यटकीय स्थलबाट उठ्ने रकमको बीस प्रतिशत सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्ने व्यवस्था मिलाएकोछु।

१८९. प्रदेश सरकार वा स्थानीय तहले पर्यटनस्थल वा पर्यटकीय क्रियाकलापमा लगानी गर्दा वा आयोजना निर्माण वा हस्तान्तरण गर्ने सम्झौता गर्दा सोबाट प्राप्त हुने आम्दानीको कम्तीमा बीस प्रतिशतले हुन आउने रकम वार्षिक रुपमा स्थानीय विभाज्य कोषमा दाखिला गर्ने शर्त उल्लेख गरेर मात्र पर्यटकीय पूर्वाधार निर्माण, सञ्चालन वा हस्तान्तरण गर्नुपर्ने व्यवस्था मिलाएकोछु।

१९०. कोशी प्रदेश सरकार अन्तर्गतका निकाय र स्थानीय तहका सरकारी निकाय लगायतका अन्य निकायले आफ्नो कार्यसँग सम्बन्धित कुनै विज्ञापन, सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा तीन प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्ने व्यवस्था मिलाएकोछु।

१९१. ट्राफिक नियम उलङ्घन गरेबापत ट्राफिक प्रहरीले असूल गर्ने दण्ड जरिवाना वापतको रकम नेपाल सरकारको सम्बन्धित निकायसँग समन्वय गरी कोशी प्रदेश भित्रका ट्राफिक प्रहरी कार्यालयले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

१९२. कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता भई कृषि व्यवसाय गर्ने फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको आयमा र भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायबाट प्राप्त आम्दानीमा प्रचलित कानून बमोजिम लाग्ने कर नेपाल सरकारको सम्बन्धित निकायसँग समन्वय गरी जिल्लास्थित कृषि ज्ञानकेन्द्र मार्फत् प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ।

माननीय सभामुख महोदय,

१९३. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयन गर्न देहाय बमोजिमको व्यवस्था मिलाएको छु।

१९४. बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आर्थिक वर्ष शुरु हुनु अगावै बजेट कार्यान्वयन कार्य योजना सबै मन्त्रालय तथा निकायहरुबाट २०८१ असार मसान्त भित्रै स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ।

१९५. मन्त्रालयहरुले बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड संशोधन गर्नुपर्ने भए आगामी आर्थिक बर्षको श्रावण मसान्तभित्र र नयाँ तर्जुमा गर्नुपर्ने भए असोज मसान्त भित्र गरिसक्नु पर्नेछ।

१९६. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन पदाधिकारी र कर्मचारी तथा कर्मचारी कर्मचारी बीचको कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिइनेछ। कर्मचारीको कार्यसम्पादनको मूल्यांकन कार्यसम्पादन सम्झौताको आधारमा गरिनेछ।

१९७. आयोजना / कार्यक्रमहरु समय मै सम्पन्न गर्न जिम्मेवार अधिकारीले खरिद प्रकृया आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिभित्रै अगाडी बढाइसक्नु पर्नेछ।

१९८. सबै निकायले सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नका लागि आगामी आर्थिक वर्षमा सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ लाई संशोधन गरी कार्यान्वयनमा लगिनेछ।

१९९. प्रदेश सरकार अन्तर्गतका निकायको बेरुजु फर्स्यौट तथा सरकारी बाकी असुल उपर गरी आर्थिक अनुशासन कायम गर्न बेरुजु फर्स्यौट सम्बन्धि कार्यविधि, २०८० लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२००. कार्यक्रम तथा आयोजनाहरुको बाञ्छित नतिजा हासिल गर्न प्रदेशस्तरीय अनुगमन तथा मुल्यांकन दिग्दर्शन, २०८० लाई कार्यान्वयन गर्दै लगिनेछ।

माननीय सभामुख महोदय,

२०१. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान साथै पेश गरेकोछु। अनुमानित आय व्ययको विवरण अनुसूचीमा उल्लेख गरेकोछु।

२०२. प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको आर्थिक गतिविधिमा सुधार हुनेछ। पुँजीगत खर्चको परिचालनमा थप प्रभावकारीता आउनेछ। सार्वजनिक वित्त व्यवस्थापनमा थप सुधार भई खर्चको प्रभावकारीता बढ्ने अपेक्षा गरेकोछु। बजेटमा प्रस्ताव गरेको राजस्वको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आन्तरिक आयमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरेकोछु।

२०३. अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री ज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुख ज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यज्यूहरु तथा सबै स्थानीय तहका जनप्रतिनिधिहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव प्रदान गर्नु हुने राजनीतिक दल, अर्थविद्, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, आम सञ्चार जगत तथा आम नागरिकलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तयारीमा संलग्न सबै मन्त्रालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। यो बजेट कार्यान्वयनमा सबैबाट सहयोग प्राप्त हुने अपेक्षा गरेको छु। धन्यवाद।



# विपन्न र कडा रोगीको भरोसा प्रदेश जनस्वास्थ्य प्रयोगशाला

**श्याम सुन्दर सुतिहार**

विराटनगर। सुनसरी दुहबी ९ का वीरबल शर्मा अचानक बेहोस भए। जेष्ठको अन्तिम साता अचानक बेहोस भएपछि उनलाई उपचारका लागि विराटनगर स्थित कोशी अस्पतालमा परिवारका सदस्यले लगे।

अस्पतालमा लगेपछि उनको सिट स्क्यान गर्नु पर्ने भयो। डाक्टरले सिटी स्क्यान गर्न लेखे पनि अस्पतालमा सिटी स्क्यान बिग्रिएका कारण प्राइभेट ल्याबमा गएर उनको सिट स्क्यान गरियो।

विपन्न समुदायका शर्माका परिवारले सिटी स्क्यान गरेबापत १० हजार रुपैयाँ तिरे। रिपोट हेरेपछि डाक्टरले उनलाई निजी अस्पतालमा लगेर उपचार गराउन जाने सल्लाह दिए। त्यसपछि उनका परिवारले विराटनगरकै सञ्जीवनी अस्पतालमा उपचार का लागि लगे।

अस्पतालमा लगेपछि डाक्टरले विभिन्न चेक गर्नका लागि लेखे। अस्पतालमा उनको चेकजाँचका लागि मात्रै २५ हजार रुपैयाँ लाग्ने भयो।

परिवारका सदस्यले आफु-हरूसँग त्यत्रो रकम नभएको बताएपछि अस्पतालकै कर्मचारी ले उनीहरूलाई चेकजाँचका लागि विराटनगरकै जनस्वास्थ्य प्रयोगशालामा जान सुझाव दिए।

कोशी प्रदेश सरकारले सञ्चालन गरेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा जाँदा वीरबलका परिवारले ४ हजार मात्रै तिर्नु पर्‍यो। शर्माले भने, सञ्जीवनी अस्पतालमा २५ हजार रुपैयाँ लाग्छ भनेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला मा ४ हजार मै काम भयो। त्यहीको चेकजाँच पछि औषधी खाँदा रोग पनि निको भयो।

विभिन्न रोगको समस्या भएपछि उपचारका लागि विराटनगर महानगरपालिका वडा नं. १० की ७० बर्सिया अम्बिका दाहाल विराटनगरको सप्तकोसी नर्सिङ होममा पुगिन्। डाक्टरले रगतका विभिन्न परीक्षण गर्न लगाए। तर अस्पतालको परीक्षण शुल्क महँगो थियो।

सप्तकोसी नरसिंग होममा गर्नु पर्ने परीक्षण शुल्क महँगो भएपछि उनीहरू प्रदेश जनस्वास्थ्य प्रयोगशालामा ती जाँचहरू गराउन गए।

ज्येष्ठ नागरिक भएका कारण सो प्रयोगशालामा अम्बिकाको परीक्षण शुल्कमा ९० प्रतिशत सम्म छुट भयो। दाहालका छोरा




विराटनगर महानगरपालिका वडा नं. १४ मा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला।

सुबोध दाहालले भने, "सप्तकोसीमा लाग्ने भनिएको भन्दा ९० प्रतिशत कम पैसामा आमाको जाँच भयो।"

२०७५ साल चैतमा सङ्घीय सरकारले जनस्वास्थ्य प्रयोगशालाको स्थापना गर्‍यो। पछि सो प्रयोगशाला प्रदेश सरकारको मातहतमा आयो।

कोभिडको महामारी सुरु भएपछि सङ्घीय सरकारले सो प्रयोगशाला कोशी प्रदेश सरकारलाई हस्तान्तरण गर्‍यो। प्रदेश सरकार मातहतमा आएपछि अहिले प्रदेश जनस्वास्थ्य प्रयोग-शालामा नियमित रूपमा सामान्य र विशेष सेवाहरू प्रदान गर्दै आएको छ।

यस्तै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९, एण्टीबोडी, थालेसेमिया, महिलाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग जस्ता सर्भीलेन्स सेवा समेत प्रदान गर्दै आएको छ।

प्रयोगशालाले न्यून शुल्कमा गुणस्तरीय रूपमा स्वास्थ्य परीक्षण गर्दै आएको प्रयोगशालाका निमित्त प्रमुख प्रणवकुमार यादवले बताए।

आमाको उपचारका क्रममा विभिन्न परीक्षण गर्न पुगेका दाहालले भने,"यो प्रयोगशालामा सस्तोमा परीक्षण त हुन्छ नै विश्वसनीयता समेत रहेको छ।" उनले प्रयोगशाला शनिवार समेत खुल्ला भइदिएको भए अझ सजिलो हन्थ्यो बताए।

प्रयोगशालाले बिरामीहरू को परीक्षण बाहेक प्रदेश भरी रहेका ल्याबहरूको अनुगमन समेत गर्दै आएको छ। अन्य ल्याबहरूको गुणस्तर के छ? यसको बारेमा अनुगमन र नियमन समेत यही प्रयोगशालाले गर्दै आएको यादवले बताए।

प्रयोगशालाले प्रदेश भरीका ल्याबहरूमा काम गर्नेहरूका लागि सेवाकालीन बायोसेफ्टी र एन्टी माईक्रो बियल रेसिस्टेन्स तालीम समेत सञ्चालन गर्दै आएको छ। प्रयोगशाला दर्ताका लागि निवेदन परेका ल्याबको अनुगमन तथा मूल्यांकको काम गर्दै आएको यादवले बताए।

प्रयोगशाला शनिवार पनि खोल्नुपर्ने, चौबिसै घण्टा सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने, ल्याबमा इसीजी लगायत को सेवा थप गर्नुपर्ने दहालले बताए।

२५ हजारको लाग्ने भनिएको जाँच ४ हजार रुपैयाँमा सकिएपछि दङ्ग परेका बिरबललाई भने प्रदेश जनस्वास्थ्य प्रयोगशालाले दिएको रिपोट निजी अस्पतालले पनि स्वीकार गर्नु पर्ने बताए।

यो नियम बाध्यकारी बनाइयो भने म जस्तै गरिबहरूले अकालमा मर्नु पर्ने थिएन। उनले भने सरकारले यस बारेमा पनि ध्यान देओस्।

नेपालमा २०२१ मा जनस्वास्थ्य प्रयोगशाला रूपमा वीर अस्पतालको प्याथोलोजी विभागबाट सुरु भएको हो। वि.स. २०३४ सालमा केन्द्रीय स्वास्थ्य प्रयोगशालाको रूपमा यसलाई स्तरोन्नति गरिएको थियो। २०५० सालमा छुट्टै निकायको रूपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला संस्थापना भएसँगै क्षेत्रीय प्रयोगशाला सञ्चालन गर्ने सरकारले योजना बनायो।

मुलुकमा आएको सङ्घीयतासँगै प्रदेश भरका नागरिकलाई सरकारी र निजी स्तरबाट प्रदान गरिने प्रयोगशाला सेवालाई भरपर्दो, गुणस्तरीय र व्यवस्थित बनाउन प्रदेश तहमा पनि जनस्वास्थ्य प्रयोगशालाको स्थापना भएको हो।

हरेक प्रदेशमा कम्तीमा एउटा विशिष्टीकृत रिफरेन्स प्रयोगशाला सञ्चालनका लागि यो प्रयोगशालाको स्थापना गरिएको निमित्त प्रमुख यादवले बताए।

प्रयोगशालाले डायाला-ईसीस गराई रहेका बिरामी, मिर्गौला प्रत्यारोपण गरेका बिरामीहरूलाई तीन महिनामा एक पटक ९० प्रतिशत सम्म छुटमा सेवा प्रदान गर्दै आएको छ।

यस्तै सहिद परिवार, विपन्न परिवार वृद्ध भत्ता पाइरहेका जेष्ठनागरिकलाई समेत छुटमा सेवा दिँदै आएको छ। यसै गरी क्यान्सर तथा एच आइ भी सङ्क्रमित व्यक्तिहरूलाई समेत ९० प्रतिशत छुटमा सेवा प्रदान गर्ने गरेको छ।

ल्याबले कोशी प्रदेश जनस्वास्थ्य प्रयोगशालाका कर्मचारीहरुलाई ९० प्रतिशत, कोशी प्रदेश सरकार मातहतमा कार्यरत कर्मचारी उनीहरूका परिवार लाई ५० प्रतिशत छुटमा सेवा दिने गरेको छ।

यसै गरी त्रि.वि.वि अन्तर्गतको स्नातकोत्तर क्याम्पस विराटनगरका कर्मचारी, विद्यार्थी तथा खेलाडीहरूलाई ५० प्रतिशत छुट दिने गरेको छ। प्रयोगशालाले डेंगु, मलेरिया, कलाजर लगायत १० किसिमको परीक्षण निःशुल्क गरिरहेको

बांकी ४ पेजमा...

## लागुऔषध सहित विभिन्न जिल्लाबाट पन्द्रह जना पक्राउ

विराटनगर। लागुऔषध सहित मोरंग, झापा र उदयपुर लगायतका जिल्लाहरुवाट पन्द्रह जनालाई प्रहरीले पक्राउ गरेका छन्।

घटनाको विवरणअनुसार झापा, सुनसरी र उदयपुर जिल्लाको बिभिन्न स्थानबाट लागुऔषध ब्राउन सुगर र नियन्त्रित औषधी सहित ८ जनालाई प्रहरीले पक्राउ गरेको थियो। शुक्रवार झापाको मेचिनगर नगरपालिका-६ स्थित लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा दमक-८ का २३ बर्षीय रमेश दर्जीलाई १ ग्राम ९०० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो।

प्रहरी चौकी बिर्ताबजार झापाबाट खटिएको प्रहरी टोलीले स्थानीय २९ बर्षिय सुवास ताजपुरीया र २१ बर्षीय अम्मर कुमार राजवंशीलाई ७२० मिलिग्राम ब्राउनसुगर सहित पक्राउ थियो।

त्यसैगरी इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका-१७ का २२ बर्षीय प्रेम परीयार, २२ बर्षीय सनम परियार, २४ बर्षीय अमृत लामा र धरान-४ का १८ बर्षीय अनिल राईलाई नियन्त्रित औषधी ट्याब्लेट १ हजार २ सय २१, क्याप्सुल ९४ र नगद १ लाख ९५ हजार ५०५ रुयैंया सहित पक्राउ गरेको थियो।

जिल्ला प्रहरी कार्यालय उदयपुर र इलाका प्रहरी कार्यालय जलजलेबाट खटिएको प्रहरी टोलीले त्रियुगा नगरपालिका-६ स्थितबाट सिराहा लहानका २७ बर्षीय राज कुमार यादवलाई डाइजेपाम, फेनारगन र आइपियल समेत गरी ४५ एम्पुल नियन्त्रीत औषधी सहित पक्राउ गरेको थियो।

मोरङ र सुनसरी जिल्लाको छुट्टा छुट्टै स्थानबाट लागुऔषध गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो। सोही दिन अपरान्ह मोरङको धनपालथान गाउँपालिका-७ स्थित खेतमा रहेको गोठमा लागुऔषध गाँजा लुकाई छिपाई राखेको छ भन्ने बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी उपरीक्षक नवराज कार्की समेतको प्रहरी टोली खटि उक्त गोठमा खानतलासी गर्दा ४९ बोरामा १ हजार ५ सय ४८ किलो ग्राम गाँजा बरामद गरेको हो। लागु औषध गाँजा बरामद भए संगै गोठ धनी राज कुमार सिंह समेतलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

त्यसै गरी सोही दिन बेलुका सुनसरीको देवानगंज गाउँपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय देवानगंज र हरीनगराबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा देवानगंज-२ का २४ बर्षीय रणधिर यादव र भारत बिहार सुपौलका २९ बर्षीय सुनिल कुमार यादवलाई २१ किलो २०० ग्राम गाँजा र १ थान मोटरसाईकल सहित पक्राउ गरेको थियो।

सुनसरीको धरान उप-महानगरपालिका-८ बाट ठुलो परिमाणको नियन्त्रित औषधी सहित २ जना साथै मोरङ र झापा जिल्लाबाट २ जना ब्राउनसुगर सहित पक्राउ परेका थियो। विहीवार सुनसरीको धरान-८ स्थित अस्थायी प्रहरी चौकी तीनकुनेबाट खटिएको प्रहरी टोलीले को. १ ख ४७४७ नम्बरको बस भित्र लुकाई छिपाई राखेको अवस्थामा नियन्त्रित औषधी ट्रामानिल ९ हजार ९०० क्याप्सुल सहित बस चालक ईटहरी-८ का २४ बर्षीय कृष्ण बहादुर बिश्वाकर्मा र सह-चालक ईटहरी-१७ का २५ बर्षीय दिनेश निरौलालाई नियन्त्रणमा लिएको थियो।

अस्थायी प्रहरी पोष्ट माइधारबाट खटिएको प्रहरी टोलीले झापाको दमक-१ घर भई शिवसताक्षी नगरपालिका-१० मा बस्दै आएका २६ बर्षीय प्रदिप तामाङको घर कोठा खानतलासी गर्दा २ ग्राम ८७ मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो।

त्यसैगरी लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले विराटनगर-१७ बाट धरान-१५ का ३८ बर्षीय नबिन भण्डारीलाई नियन्त्रित औषधी इस्कुफ १५ बोतल र नाईट्रोसन १० चक्की सहित नियन्त्रणमा लिएको थियो। लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयहरु बाट थप अनुसन्धान कार्य भईरहेको छ।



परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

## विपन्न र कडा...

प्रदेश जनस्वास्थ्य प्रयोगशालाका सूचना अधिकारी प्रकाश चन्द्र कार्कीले बताए ।

प्रयोगशालामा दैनिक ७०-८० जनाले स्वास्थ्य परीक्षणको लागि प्रयोगशालामा आउने गरेका छन् । प्रयोगशालाबाट आर्थिक वर्ष २०७९/८० मा ३७ हजार ३ सय ४७ जनाले सेवा लिएको सूचना अधिकारी कार्कीले बताए । आर्थिक वर्ष २०८०/०८१ ज्येष्ठ मसान्त सम्म ५० हजार ५ सय ८२ जनाले सेवा लिएको प्रयोग शालाको तथ्याङ्कमा उल्लेख छ ।

जनशक्ति अभाव

प्रदेश जनस्वास्थ्य प्रयोग-शाला विराटनगरलाई अझ प्रभावकारी बनाउन प्रयोगशालामा जनशक्ति थप गर्नु पर्ने निमित्त प्रमुख प्रणव यादवले बताए ।

कोशी प्रदेश अन्तर्गत १४ वटा जिल्ला अस्तपालामा स्वास्थ्य प्रयोगशाला रहेका छन् । यस्तै प्रदेशका १ सय १४ स्थानीय तहमा पनि प्रयोगशाला रहेका छन् । यसै गरी निजी स्तरमा दर्ता भएका ५२ प्रयोगशालाको गुणस्तर सेवाको लागि अनुगमन गर्नु जनशक्ति अपुग रहेको निर्देशक यादवले बताए ।

जनस्वास्थ्य प्रयोगशालाले विभिन्न परीक्षणहरू गरेर रोगको सही पहिचान गर्न मद्दत गर्छ । जसले गर्दा बिरामीको समयमै सही उपचार सुरु गर्न सम्भव बनाउँछ ।

नियमित परीक्षण र जाँचले रोगको प्रारम्भिक चरणमै पहिचान गर्न सकिन्छ, जसले गम्भीर अवस्थामा पुग्नबाट रोक्न मद्दत गर्छ । रोगको सही पहिचान भएपछि सही उपचार विधि अपनाउन सकिन्छ, जसले उपचारको प्रभावकारिता बढाउँछ । प्रारम्भिक चरणमै रोग पहिचान हुँदा उपचार सजिलो र सस्तो हुन्छ, जसले रोगीको समय र खर्च बचत गर्न मद्दत गर्छ ।

साथै, डायग्नोस्टिक केन्द्रहरूले समाजमा स्वास्थ्य सम्बन्धी सचेतना फैलाउँछन् र नियमित स्वास्थ्य परीक्षणको महत्त्व बुझाएर स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्छन् । प्रयोगशालाका कारण रोगको निदान र रोग लाग्नै नदिने भए पनि यसको बारेमा प्रचार प्रसार कम भएको निमित्त निर्देशक यादवले बताए ।

संविधानको भाग ३ मा स्वास्थ्य सम्बन्धी हक मौलिक हकको व्यवस्था गरको छ । संविधानको धारा ३५ को उपधारा (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने उल्लेख छ ।

सोही धाराको उपधारा (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ भन्ने उल्लेख छ भने उपभार (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने उल्लेख छ ।

सोही संवैधानिक व्यवस्थालाई परिपूर्ति गर्न कोशी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट सेवा प्रदान गर्दै आएको छ । यो बाहेक प्रदेश सरकारले मातहतका ४६ वटा अस्पतालबाट पनि विभिन्न खाले सेवा प्रदान गर्दै आएको छ ।

प्रदेश सरकारले जिल्ला आयुर्वेद कार्यालयहरू, जिल्ला स्वास्थ्य कार्यालय, प्रदेश स्वास्थ्य निर्देशनालय, तालिम केन्द्र र आपूर्ति व्यवस्थापन मार्फत स्वास्थ्य सेवाहरू प्रदान गर्दै आइरहेका छन् ।

नागरिकको स्वास्थ्य सम्बन्धी आधारभूत आवश्य-कता परिपूर्तिका लागी संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व उल्लेख छ ।

धरा ५१ नागरिकलाई स्वस्थ बनाउन प्रदेश सरकारले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने उल्लेख छ ।

यस्तै नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने सो धारामा उल्लेख छ ।

सो धारामा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने उल्लेख छ । स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्दै जाने, प्रदेशको क्षमता र आवश्यकता अनुसार प्रदेश सरकारले नागरिकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

आयुर्वेद चिकित्सा पद्धदी सुधार गर्दै प्रदेश

कोशी प्रदेश सरकारले १४ वटै जिल्लामा १-१ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गरी सेवा दिन थालेको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विराटनगरका वरिष्ठ वैद्य तिर्था बस्नेतका अनुसार मोरङमा ३ बटा आयुर्वेद औषधालय र ५ बटा नागरिक आरोग्य सेवा केन्द्र मार्फत आम नागरिकको स्वास्थ्य उपचार भइरहेको छ ।

मोरङको उर्लावारी नगरपालिकाको राजघाटमा, बेलवारी नगरपालिकाको बेलवारीमा र रतुवामाई नगरपालिकाको सिजुवामा आयुर्वेद औषधालयहरू रहेका छन् ।

यस्तै मोरङको जहदा, मिक्लाजुङ्ग र कानेपोखरीमा गाउँपालिका, रतुवामाइ नगरपालिका र रङ्गेली नगरपालिकामा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन मा छन् ।

जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रबाट आयुर्वेद बहिरङ्ग सेवा, पञ्चकर्म सेवा (पूर्व कर्म/उपक्रम), क्षार सूत्र सेवा प्रदान गरिँदै आएको छ ।

यसै गरी शल्य चिकित्सा सेवा, प्राकृतिक चिकित्सा सेवा, होमियोप्याथिक चिकित्सा सेवा समेत प्रदान हुँदै आएको छ । यस्तै उपचारात्मक योग सेवा, स्वास्थ्य जीवन परामर्श सेवा प्रदान हुँदै आएका छ ।

त्यसै गरी नागरिक आरोग्य सेवा केन्द्रबाट सामान्य चिकित्सा सेवा, स्तनपायी आमा तथा मातृ शिशु सुरक्षात्मक सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनात्मक सेवा, प्याथोलोजी ल्याब सेवा र स-शुल्क फार्मेसी सेवाहरू उपलब्ध रहेका छन् ।

आयुर्वेद स्वास्थ्य केन्द्रबाट २३ किसिमको औषधीहरू निःशुल्क उपलब्ध गराउने गरेका छन् ।

त्यसै गरी ज्येष्ठ नागरिकको परिचय पत्र लिएर आएमा अश्वगन्धा चूर्ण र अमलकी चूर्ण निःशुल्क र स्तनपाय आमाको लागि शतावरी चूर्ण, ज्वानो र मालिस गर्ने तेल निःशुल्क उपलब्ध गराउने गरको छन् ।

ज्येष्ठ नागरिकलाई पञ्चकर्म र ओपिडीमा ५० प्रतिशत छुट दिने गरेको छ ।

दैनिक उपचारको लागि ८० देखि ९० जना सम्म आउने गरेकोमा आर्थिक वर्ष २०८०/०८१ को ज्येष्ठ मसान्त सम्म ९ हजार १ सय ८२ जना महिला र ९ हजार ६ सय ७४ पुरुषलाई सेवा प्रदान गरिएको बैद्ध बस्नेतले वताइन ।

# ट्राफिक सप्ताहको समापनमा अन्तरकृया



बिर्तामोड । ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीको आयोजनामा सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनिकरणको लागि यही असार ६ गते कोशी प्रदेशका १४ वटै जिल्लाहरुमा एकैसाथ शुभारम्भ भएको “ट्राफिक सप्ताह २०८१” को विर्तामोडमा बुधवार समापन भएको छ ।

समापनको अवसरमा अन्तरकृया कार्यक्रम गरी समापन गरेको थियो । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी सुनसरीका कार्यालय प्रमुख प्रहरी उपरीक्षक सरोज पौडेलको अध्यक्षता तथा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाको प्रमुख आतिथ्यतामा झापाको बिर्तामोडमा एक कार्यक्रमको आयोजना गरी गरिएको थियो ।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रहरी अधिकृत तथा प्रहरी कर्मचारी, स्थानीय जन प्रतिनिधीहरु, यातायात व्यवसायीहरु, सामुदायिक सेवा केन्द्रका पदाधिकारीहरु, संचारकर्मीहरु, नागरिक समाज, बिभिन्न संघ संस्थाका प्रतिनिधीहरु र बिद्यालयका शिक्षक तथा बिद्यार्थीहरु समेतको उपस्थिति रहेको थियो ।

ट्राफिक सप्ताहको पहिलो दिन कोशी प्रदेशका १४ वटै जिल्लाहरुमा प्रभात फेरी सहित शुभारम्भ भएको कार्यक्रम क्रमश.. तिब्रगति नियन्त्रण तथा पार्किङ निषेध, सडक अनुशासन कार्यान्वयन कारबाही, बिद्यालय/कलेजमा प्रशिक्षण, सवारीको यान्त्रिक चेकजाँच तथा मा.प.से./ला.प.से नियन्त्रण, संयुक्त अनुगमन तथा कारवाही र सातौ दिन समापन तथा अन्तरकृया कार्यक्रम गरिएको थियो । जसबाट बिभिन्न सवारी साधनका चालक तथा सडक प्रयोग कर्ताहरु ३२१२१ जनालाई ट्राफिक नियमको सम्बन्धमा प्रशिक्षण दिईएको छ भने ट्राफिक नियम उलंघन गर्ने बिभिन्न ४६२६ वटा सवारीका चालकहरु कारबाहीमा परेका छन जसबाट ३०,४६,०५० राजस्व संकलन भएको छ ।




## हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश



# इलाका प्रहरी कार्यालय वाना संखुवासभाको नव निर्मित भवन समुद्घाटन

विराटनगर । संखुवासभाको पाँचखपन नगरपालिका-७ स्थितमा रहेको इलाका प्रहरी कार्यालय वानाको नव-निर्मित भवनको समुदघाटन भएको छ ।

विहीवार एक बिशेष कार्यक्रमका बिच कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक चन्द्र कुबेर खापुङले शिलालेख अनावरण गर्नु भई नव-निर्मित ७ कोठे भवनको समुद्धाटन गर्नु भएको थियो ।

भवनको समुद्धाटन तथा निरीक्षण कार्यत्रम पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै वहाँले नयाँ भवन उपलब्ध भए संगै कार्यरत प्रहरी कर्मचारी हरुमा थप मनोवल उक्च हुनुका साथै सुबिधा सम्पन्न भवनले प्रहरीमा थप जोश र उर्जा बढेर जाने हुँदा सुन्दर भवनमा बस्ने प्रहरी कर्मचारीहरुले जनमैत्री प्रहरी सेवा प्रदान गर्नेमा आफु बिश्वस्त रहेको बताउदै आम नागरिकहरुलाई प्रदान गरिने प्रहरी सेवा समेत स्तरिय हुने धारणा ब्यक्त गरेका थिए । वहाँले कार्यरत प्रहरी कर्मचारीहरुलाई कानूनको परिधिमा रही जन चाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्न समेत निर्देशन समेत दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि खापुङले इलाका प्रहरी कार्यालय वानाको नव निर्मित भवनको लागी जग्गा खरिद गरिदिने पाँचखपन नगर पालिका, प्रहरी चौकी वाना स्थापना हुँदा निःशुल्क जग्गा प्रदान गर्नु हुने स्व. ललित बहादुर दर्जीको छोरा झलक दर्जी (प्रतिनिधि), तथा भवन निर्माण कम्पनी कार्की बन्धु/अमर जेभिलाई कदर पत्रले सम्मान गर्नु भएको थियो । भवन निर्माण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण महानुभवहरुलाई हृदय देखि हार्दिक आभार व्यक्त गरेका थिए । उक्त भवन नेपाल सरकारको बिनियोजित बजेट २ करोड ४३ लाख ३१ हजार रुपैयाको लागतमा निर्माण सम्पन्न भएको थियो ।

समुद्धाटन कार्यत्रममा संखुवासभाका जिल्ला समन्वय समिति प्रमुख सुमन शाक्य, पाँचखपन नगरपालिका का नगर प्रमुख बिपिन राई, सहायक प्रमुख जिल्ला अधिकारी मोहन मणि घिमिरे, जिल्ला स्थि त सुरक्षा निकायका प्रमुखहरु, सरकारी कार्यालय हरूका प्रमुख एवम प्रतिनिधि, बिभिन्न संघ संस्था तथा राजनैतिक दलका प्रतिनिधि, संचारकर्मी लगायत स्थानिय बासीहरुको उपस्थिति रहेको थियो ।

# वर्षातको वेला पानीजन्य रोगहरू र जागिने उपाय

वर्षायाम सुरु भएको छ । पानी परिरहने, पानी जम्मा हुने र पानी दूषित हुने भएकाले यस्तो बेला विभिन्न सरुवा रोगको जोखिम हुन्छ ।

वर्षातको समयसँगै धेरै ठाउँहरुमा डुबान, बाढी तथा पहिरोले गर्दा पानीको स्रोतहरु दुषित हुन्छन् । दुषित पानीका कारण हैजा, झाडापखाल, टाइफाइड, हेपाटाइटिस 'ए', हेपाटाइटिस 'ई' लगायतका सरुवा रोगको संक्रमण बढ्न सक्छ। त्यसैगरी आँखा पाक्ने समस्या, छाला सम्बन्धी विभिन्न समस्या र किटजन्य रोग लाग्छन् । जुन मुख्यगरी निम्नानुसार छन् :

१. दूषित पानीका कारण लाग्न रोगहरु :

(क) दूषित पानी खाएर हुने रोगहरू । जस्तैः हैजा, झाडा पखाला, आउँ, जुका, कमलपित्त, टाइफाइड ।

(ख) नुहाउन, धुनको लागि फोहर पानी प्रयोग गर्दा लाग्ने रोगहरू । जस्तैः लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरू र ट्रकोमा ।

(ग) खेर गएको पानी, फोहर पानीको उचित विसर्जन नगर्दा त्यस्तो पानीमा लामखुट्टे, भुसुनाहरू हुर्कन्छन् र तिनीहरूले रोगहरू सार्छन् । जस्तैः औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाइटिस ।

१ आँखा पाक्ने तथा ट्रकोमा

- खस्रे रोग एक प्रकारको आँखा पाक्ने रोग हो । यस रोगलाई ट्रकोमा भनिन्छ ।
- यो रोग किटाणुहरूको कारणले लाग्छ र यो रोगका किटाणुहरू फोहरमा हुन्छन् ।
- यो रोग प्रायः गरेर स-साना बालबालिकालाई लाग्छ र यस रोगले अन्धो पनि बनाउन सक्छ ।
- यो रोग लाग्नुको मुख्य कारण : हात मुख धुन पर्याप्त पानी नभएर वा हात मुख धुने पानी सफा नभएर वा हात मुख धुने बानी नभएर लाग्छ
- यो रोगका किटाणुहरू रोगीको आँखाबाट निस्कने चिप्रामा प्रशस्त हुन्छन् ।
- रोगीको आँखाबाट निस्कने चिप्राबाट यो रोग सर्छ र मुख्य माध्यम भनेको झिङ्गा नै हो ।
- योरोग हातबाट सर्न सक्छ र कपडाको माध्यमबाट पनि सर्न सक्छ ।
- एकै ठाउँका धेरै मानिसहरूलाई छोटो समयमा यो रोग लाग्न सक्छ र केही दिनमा नै महामारीको रूप लिनसक्छ ।

लक्षणहरू

- खस्रे रोग लाग्यो भने यी लक्षणहरू देखा पर्छन् :
- आँखा दुख्छ, बिझाउँछ ।
- आँखा रातो हुन्छ, चिलाउँछ ।
- आँखाको डिल सुनिन्छ ।
- आँखाबाट चिप्रा आइरहन्छ ।
- यो रोग धेरै पटक भयोभने आँखाको परेला भित्र फर्किन्छ ।
- भित्र फर्केको परेलाले आँखाको नानीलाई बारम्बार घोच्छ र नानी विग्रिएर अन्धो गराउँछ ।

२. रोकथाम र बचावट

- सधै चर्पीमा नै दिशा पिसाब गर्ने बानी बसाल्ने र चर्पी पनि सफा राख्ने
- गाईवस्तुको मल-मूत्र खाडलमा जम्मागरी राख्ने
- भान्साबाट निस्कने फोहर पानीलाई व्यवस्थित तरिकाले विसर्जन गर्ने
- घर वरिपरि पानी जम्ने खाडल छ भने पुरिदिने
- दिनको २-३ पटक आँखा - मुख धुने
- हात मुख धुँदा नाकको सिँगान पनि राम्ररी सफा गर्ने
- आँखाको चिप्रा र नाकको सिँगान जहाँ पायो त्यहाँ नपुछ्ने
- खस्रे रोग लागेको रोगीले प्रयोग गरेका कपडा साबुन पानीले धोएर घाममा सुकाउने
- खस्रेरोग लागेमा स्वास्थ्य संस्थामा गएर उपचार गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरै अवधिसम्म आँखामा औषधि लगाउने

३ लुतो, दाद र खटिरा

- लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरू सरूवा रोग हुन् ।
- छाला सम्बन्धी यी सबै रोगहरू किटाणुले हुन्छ ।
- यी रोगका किटाणुहरू रोगीको शरीरमा रोगीले लगाएका कपडाहरूमा, फोहरमा, पानीमा हुन्छन् ।
- फोहर पानीले नुहाएमा, हात मुख धोएमा कपडा धोएमा छाला सम्बन्धी रोगहरू सर्छन् ।
- रोगीसँग बस्ने, सुत्ने, खेल्ने गर्दा पनि यी रोगहरू सर्छन् ।
- रोगीले प्रयोग गरेका कपडा प्रयोग गरेमा पनि यी रोगहरू सर्छन् ।
- छाला सम्बन्धी रोगहरूले मानिसलाई धेरै नै सताएको हुन्छ तर धेरैजसो कसैलाई भन्न चाँहदैनन् ।

रोकथाम तथा बचावट

- व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने
-सफा पानीले मात्र नुहाउने
- हात मुख धुँदा, कपडा धुँदा सफा पानी प्रयोग गर्ने
- पानीको मुहान सुरक्षित राख्ने
- छालाको रोग लागेका व्यक्तिसँग सँगै नबस्ने, नसुत्ने, नखेल्ने
- छाला सम्बन्धी रोगीले प्रयोग गरेका कपडा साबुन वा खरानी पानीले धोएर घाममा सुकाएपछि मात्र प्रयोग गर्नु
- छाला सम्बन्धी रोग लागेका व्यक्तिले अस्पताल वा अन्य स्वास्थ्य संस्थामा गएर उपचार गराउने

३ किटजन्य रोग

डेंगु, औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरू लामखुट्टे, भुसुनाले सार्छन्

- यी रोगहरूलाई किटजन्य रोगहरू भनिन्छ । यी रोगहरू किटाणुबाट नै लाग्छ
- रोगीलाई टोकेर आएका लामखुट्टे, भुसुनाले आफ्नो शरीरमा ती रोगका किटाणुहरू बोकेर ल्याएका हुन्छन् र ती लामखुट्टे, भुसुनाले अर्को मानिसलाई टोक्दा यो रोग सर्छ
- यी रोगहरू सार्ने लामखुट्टे, भुसुना फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्छन्, हुर्कन्छन्
- औलो, कालाजार, इन्सेफलाइटिस रोगबाट मानिसको मृत्यु हुन्छ भने हात्तीपाइले रोगले मानसिलाई दीर्घ रोगी बनाउँछ

रोकथाम र बचावट

- औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरूबाट बच्नको लागि लामखुट्टे, भुसुनाको टोकाइबाट बच्नुपर्छ । यसको लागि
- लामो बाहुला भएको कपडा लगाउने
- घर बाहिर नसुत्ने
- लमखुट्टे, भुसुना हुने समुदायमा कुल भित्र सुत्ने बानी बसाल्ने
- सम्भव भएसम्म घरको झ्याल, ढोकामा जाली लगाउने
- लामखुट्टे, भुसुनाहरू फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्ने, हुर्कने भएकोले गाउँ टोल, घर वरिपरि त्यस्तो ठाउँहरू हुन नदिने । यसको लागि :
- घर वरिपरि सधै सफा राख्ने, पानी जम्ने खाडलहरू भए त्यसलाई पुरिदिने
- झारपात, झाडी भएमा त्यसलाई हटाउने, फाँड्ने
- वस्तुभाउको गोठ घरभन्दा केही टाढा राख्ने र मल मूत्र खाडलमा जम्मा गरेर मल बनाउने
- सकेसम्म सुँगुर, बँगुर जस्ता फोहर गर्ने जीवजन्तु नपाल्ने, आर्थिकोपार्जनका लागि पाल्नुपर्ने भएमा घरभन्दा टाढा व्यवस्थितरूपमा पाल्ने,
- रोग लागेको शंका लागेमा नजिकैको अस्पताल वा अरू स्वास्थ्य संस्थामा गएर जाँच गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरा अवधिसम्म औषधि सेवन गर्ने ।




# धान दिवसको अवसरमा महानगर पालिकाद्धारा धान रोपाई



विराटनगर । २१ औं धान दिवसका अवसरमा विराट नगर महानगर पालिका ले रोपाइँ कार्यक्रम आयोजना गरेको छ । 'जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि' भन्ने नाराका साथ महानगरले रोपाइँ आयोजना गरेको हो ।

महानगरको कृषि शाखाले हरेक वर्ष असार-१५ अर्थात् धान दिवसका अवसरमा रोपाइँ कार्यक्रम आयोजना गर्दै आएको छ । अघिल्लो वर्ष वडा नम्बर १८ मा धान रोपाइँ आयोजना गरेको थियो भने गत वर्ष वडा नम्बर १२ को बखरीमा रोपाइँ गरेको थियो । यस वर्ष महानगरले वडा नम्बर १९ मा धान रोपाइँ आयोजना गरेको कृषि शाखाका प्रमुख खगेश्वर नेपालले जानकारी दिएका थिए ।

मेयर नागेश कोइराला, उपमेयर शिल्पा निराला कार्की, प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पराजुली, वडा नम्बर १९ का अध्यक्ष श्याम घिमिरेलगायत विभिन्न शाखा र महाशाखा प्रमुखहरु ले रोपाईंमा सहभागि हुनु भएको थियो । रोपाइँमा स्थानीयसमेत सहभागी थिए ।

रोपाइँ शुभारम्भपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै मेयर कोइरालाले कृषिजन्य वस्तुको उत्पादनमा जोड दिनुभयो । उहाँले पछिल्लो समय कृषिजन्य वस्तुमा समेत परनिर्भरता बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

४० वर्षअघिसम्म धान, चामल, तोरीलगायतका वस्तु निर्यात गर्ने नेपाल पछिल्लो समय हरेक वर्ष ५५ अर्बको चामलसहित करिब ६ खर्ब रुपैयाँ बराबरका खाद्य वस्तु आयात गर्नुपर्ने अवस्थामा पुग्नु दुखद भएको उहाँको भनाइ थियो ।

विराटनगरभित्र पनि थुप्रै खाली जमिन भएकाले त्यसमा कृषि उत्पादन बढाउन महानगरले उन्नत जातको बिऊ, मल, सिंचाइलगायतका सुविधा उपलब्ध गराउँदै आएको उहाँले दाबी छ ।

# लागुऔषध सहित ११ पक्राउ

विराटनगर । झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट लागुऔषध ब्राउन सुगर र निषेधित औषधी सहित ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

शुक्रवार झापाको कनकाई नगरपालिका-३ स्थितमा लागुऔषध सेवन तथा कारोवार भईरहेको छ भन्ने सुचनाको आधारमा इलाका प्रहरी कार्यालय सुरुङगाबाट खटीएको प्रहरी टोलीले उक्त स्थानबाट स्थानिय २३ बर्षीय सलिम अलाम, ३८ बर्षीय ईश्चर मैनाली र ३३ बर्षीय बिक्रम हस्दालाई ५३ मिलिग्राम ब्राउनसुगर र नगद ८ हजार ६ सय रुपैँया सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी मोरङको इलाका प्रहरी कार्यालय पथरीबाट खटिगएको प्रहरी टोलीले शंकास्पद अवस्थामा रहेका पथरी शनिश्चरे नगरपालिका-१ का २५ बर्षीय युवराज मगर, १८ बर्षीय मुनाल गुरुङ, १८ बर्षीय सनम राई, १८ बर्षीय अभिषेक तामाङ, आयुष गुरुङ र १९ बर्षीय सबिन कार्कीलाई नियन्त्रित औषधी ट्रमाडोल र स्पास १८४ चक्की सहित नियन्त्रणमा लिएको हो भने रतुवामाई-६ स्थितबाट पथरीशनिचरे-१ का ३० बर्षीय महेश मलिक र ४७ बर्षीय जीबन गुरुङलाई ऋब्च्क्ष्क्एब्व ३० ट्याब्लेट र कोरेक्स १० बोतल सहित प्रहरी चौकी झुर्कियाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**